## कार्यसूची/प्रस्तावहरु:

प्रस्ताव नं.१. योजना तथा कार्यक्रम संसोधन एवं थप गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२. कार्यपालिकाको निर्णयहरु अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं.३. वडा कार्यालय, वडासमिति, गाउँपालिका, न्यायिक समिति र विषयगत समितिबाट सम्पादन भएका निर्णय अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं.४. न्यायिक समितिको कार्यसम्पादन सम्वन्धी कार्यविधि ऐन, २०७५ पारित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.५. प्रशासनिक कार्यविधि नियमित गर्ने ऐन, २०७५ सभामा पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.६. सशर्त, समानिकरण, पुँजीगत तथा चालू र वडा संचालन खर्च अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.७. पालिका आसपास रहेको जग्गा सम्बन्धमा ।

प्रस्ताव नं.८. आन्तरिक राजस्व रकम सम्बन्धमा ।

प्रस्ताव नं. ९. वडाको सिमाना हेरफेर गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १०. अस्थायी कल्भर्ट सुचारु सम्बन्धमा ।

## निर्णयहरु:

**प्रस्ताव नं. १** माथि छलफल हुँदा आ.व.२०७५/७६ मा गाउँसभावाट पारित योजना, कार्यक्रम तथा वजेटमा वडा तथा पालिकावाट संशोधन वा थप भए सो संशोधित वा थप कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २** माथि छलफल हुँदा यस आ.व. ०७५/७६ मा यस अघि गाउँ कार्यपालिकावाट सम्पादन भएका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३** माथि छलफल हुँदा वडासमिति, वडा कार्यालय, गाउँपालिका, न्यायिक समिति र विषयगत समितिहरुले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४** माथि छलफल हुँदा न्यायिक समितिको कार्यसम्पादन सम्वन्धी कार्यविधि ऐन, २०७५ यस अघि न्यायिक समितिबाट सम्पादन भएका कामहरु अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५** माथि छलफल हुँदा प्रशासनिक कार्यविधि नियमित गर्ने ऐन, २०७५ यस अघि पालिका प्रारम्भ देखि लागू हुने गरी पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६** माथि छलफल हुँदा सशर्त, समानीकरण, पुँजीगत तथा चालू र वडा संचालन खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७** माथि छलफल हुँदा यस गाउँपालिका आसपास पालिका भवन निर्माणको सिलसिलामा तयार भएको सार्वजनिक जग्गा प्रचलित जग्गा सम्बन्धि कानुन वमोजिम पालिकाले प्रयोग गर्ने प्रयोजनको लागि आवश्यक प्रक्रिया अघि वढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८** माथि छलफल हुँदा यस गाउँपालिकामा यस आ.व ०७५/७६ मा हाल सम्म संकलन भएको तथा भविष्यमा हुने राजस्व रकम आगामि कार्यपालिकाको वैठकवाट योजना कार्यक्रम तथा वजेट तर्जुमा गरी वाँडफाँड गर्ने र आगामी वजेट अधिवेशनमा अनुमोदन गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ९** माथि छलफल हुँदा नेपालको संविधान, २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून वमोजिम वडा नं. २ र वडा नं. ६ को सिमाना हेरफेर गर्न आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १०** माथि छलफल हुँदा यस गाउँपालिका वडा नं. १, राकाथुमको कोथवे वगरमा सुनापती गाउँपालिका र यस गाउँपालिकाको समन्वयमा निर्माण भएको अस्थायी कल्भर्ट हाल बन्द भएको कारण त्यस क्षेत्रका नागरिकहरुको आवतजावतमा वाधा सृजना भएकोले उक्त अस्थायी कल्भर्ट साविक झैं नियमित सुचारु गर्ने गराउने निर्णय गरियो ।